“सूचनाको हक लोकतन्त्रको आधार”

प्रदेश सूचना पुनरावेदन समिति

बागमती प्रदेश

१ प्रदेश सूचना पुनरावेदन समिति के हो?

प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलन गराउन तथा सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने क्रममा भएका निर्णय उपर पुनरावेदन तथा अन्य उजुरी र निवेदन सुन्ने एक स्वतन्त्र निकाय हो।

2 समितिले के गर्छ?

सार्वजनिक निकायले सूचना नदिएको, सुचना दिन अस्वीकार गरेको, अपूर्ण/गलत सूचना दिएको वा सूचना प्राप्तिमा समस्या भएमा उजुरी तथा पुनरावेदनको सुनुवाइ गरी आवश्यक आदेश गर्दछ।

3 सूचना कसरी माग्ने? समितिमा पुनरावेदन कसरी गर्ने?

1 सूचना माग्नुहोस् → सम्बन्धित सार्वजनिक निकायका सूचना अधिकारी समक्ष निवेदन दिनुहोस्। सामान्यतया सूचनाको प्रकृति अनुसार तत्काल वा बढीमा १५ दिनभित्र उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

2 सूचना नपाएमा → सूचना अधिकारीले सूचना नदिएको, अस्वीकार गरेको, आंशिक वा गलत सूचना दिएको अवस्थामा ७ दिनभित्र सम्बन्धित सार्वजनिक निकायको प्रमुख समक्ष उजुरी दिन सकिन्छ।

3 चित्त नबुझेमा → प्रमुखको निर्णयमा चित्त नबुझेमा निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र प्रदेश सूचना पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सकिन्छ।

पुनरावेदन गर्दा सूचना माग गरेको निवेदन, कार्यालय/सूचना अधिकारीको जवाफ वा निर्णय तथा सम्बन्धित कागजातहरू संलग्न गर्नुहोस्।

आफ्नो अधिकारबारे जानकार बनौं,
सार्वजनिक निकायबाट आवश्यक सूचना प्राप्त गरौं र
पारदर्शिता तथा जवाफदेहितालाई प्रवर्द्धन गरौं

थप जानकारीका लागि:

प्रदेश सूचना पुनरावेदन समिति, बागमती प्रदेश हेटौंडा, मकवानपुर

(सम्पर्क नं.:९८५१३१२४०१/इमेल:piac.bagamati@gmail.com/Facebook:

Facebook.com/PIACBagamati x.com/PIACBagamati